## स्थानीय सरकार,शैलुङ गाउँपालिकाको गाउँसभा निर्णय सार्वजनिक प्रयोजन

२०८० साल चैत्र २ गतेको, पहिलो अधिवेशनमा भएका निर्णयहरू

१. शैलुङ गाउँपालिका उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री पार्वती कार्कीज्यूले प्रस्तुत गर्नु भएको तपसिल बमोजिमको आ.व. २०८०/०८१ को विनियोजन विधेयक संशोधनको लागि पेश भएको विनियोजन विधेयक माथि छलफल गर्ने

तपसिल

शैलुङ गाउँपालिकाको गरिमामय पन्धौं गाउँसभा चलिरहँदा सर्वप्रथम देश,जनता र लोकतन्त्र प्राप्तिका लागि प्राण आहुति दिनु हुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरु, जनआन्दोलन र जनयुद्धमा बेपत्ता पारिएका र घाइतेहरुप्रति हार्दिक श्रद्धा-सुमन ज्ञापन गर्दछु साथै राजनितिक सामाजिक रुपान्तरणको लागि नेतृत्वदायी भुमिका निर्वाह गर्ने सम्पूर्ण अग्रजहरुप्रति हार्दिक नमन तथा कृतज्ञता अर्पण व्यक्त गर्न चाहन्छु ।

पहिलोपटक संघीय लोकतान्त्रिक, समवेशी गणतन्त्रात्मक नेपालको संविधान,२०७२ द्धारा स्थापित स्थानीय सरकारको निर्वाचन २०७९ पछि नियमित कानूनी प्रकृयाहरु पुरा गर्न हामी शैलुङ गाउँपालिका दोलखाको पन्धौं गाउँसभा सम्पन्न गर्न लागिहेका छौं ।

शैलुङ क्षेत्रको समग्र विकास र सुशासनका क्षेत्रमा ऐतिहासिक सफलताहरु यो अवधिमा हासिल भएका छन् । अनेकौं बाधा, अड्चन र गतिरोधहरु पार गर्दै सिमित, श्रोत साधनहरुको सदुपयोग गर्दै हामीले थुप्रै उपलब्धीहरु हासिल गरेका छौं ।

बढ्दै गरेका जनचाहनाहरु, अधिक आवश्यकताहरु, सबै कामहरु छिट्टै सम्पन्न गर्न चाहने भावनाहरुलाई सकेसम्म धेरै व्यवस्थापन गर्दै नेपालको संविधानले तोकिएको अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले निर्दिष्ट गरे अनुसार शैलुङ गाउँपालिकाले पहिलो आर्थिक वर्ष २०७४/०७५ को पहिलो गाउँ सभा देखि आर्थिक वर्ष २०८०/०८१ को पन्धौं गाउँसभा सम्म आइपुग्दा भौगोलिक परिवेश तथा निर्वाचित वडा समितिको माग तथा आम जनताको मागको आधारमा आयोजनाहरुलाई बजेटको व्यवस्थापन गरी ८ वटा वडाहरुमा पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक विकास लगायत अन्य पूर्वाधारका विकासहरुमा उपलब्धीहरु हाँसिल गर्दै शैलुङ गाउँपालिकाले विकान्मुखरुप लिएको छ ।

देशभरिका ७५३ वटा स्थानीय तह मध्ये बागमती प्रदेश सरकारको स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्न (LISA) अन्तर्गत १० वटा सूचकको तथा उप-सूचकको आधारमा क्रमशः पहिलो वर्ष, दोस्रो वर्ष, तेस्रो वर्ष, चौथोर पाँचौ वर्ष गरी पाँच पटक सम्म धेरै वटा स्थानीय तहलाई पछि पार्दै यो आ.व. २०८०/०८१ मा पनि उत्कृष्ट गाँउपालिका हरु मद्यमा  पर्न सफल भएको छ । त्यस्तै विक्तिय शुषासन जोखिम मुल्याङ्कन (FRA)  मा समेत दोलखा जिल्लाका सबै गाँउपालिका भन्दा उच्च अंक हासिल गरेको र समग्र बागमती प्रदेशका गाँउपालिकाहरु मध्ये समेत उत्तम अबस्थामा रहेको देखिन्छ ।

पन्ध्रौँ गाउँसभाद्धारा शैलुङ गाउँपालिकाले हाल सम्म गरेका सम्पूर्ण कामहरुको समीक्षा गरिनेछ । वर्तमान अवस्थाको विश्लेषण गर्नेछ  र भावी कार्ययोजना निर्माण गर्नेछ भन्ने विश्वास लिएको छु । हालसम्म गाउँ कार्यपालिका र यसका अंगहरुले गरेका समग्र कामहरु माथि सल्लाह सुझाव दिँदै अनुमोदन गर्नेछ भन्ने अनुरोध गर्दछु ।

गाउँपालिकालाई थप विकासको गतिमा अघि बढाउनका लागि अझै थुप्रै चुनौतीहरु सामाना गर्दै संघ, प्रदेश र सम्बन्धित निकायका सरोकारवालाहरु संगको समन्वयमा प्रभावकारी कदम अघि बढाउने प्रतिबद्धता व्यक्त गर्दछु । यी यावत चुनौतीहरुको बाबजुत पनि पन्ध्रौँ गाउँसभा सम्म आइपुग्दा शैलुङ गाउँपालिकाले गरेका मूख्य-मूख्य कामहरु तपशिल बमोजिम रहेका जानकारी गराउन चाहन्छु ।

**महत्वपूर्ण उपलब्धीहरुः**

- प्रस्तावित शैलुङ अस्पताल (५ शैयाको ) निर्माण कार्य जारी रहेको,
- बाघखोर-ठुलो घर-शैलुङ अस्पताल सडकको ढलान कार्य भईरहेको,
- विभिन्न योजनाहरुको लागि डि.पि.आर. गर्ने कार्य जारी रहेको,
- कृषिमा आधारित स्थानीय जनताहरुको आय आर्जन बढाउन कृषि तथा पशुपन्छी विकासमा मागमा आधारित कार्यक्रम तथा योजनाको लागि बजेट विनियोजन गरि कार्यन्वयनको अवस्थामा रहेको,
- स्थानीय कृषकहरुको पशु धनको रक्षाको लागि पशुपन्छी लगायतको बीमा निशुल्क गरिएको,
- गाँउपालिकाको मातहतका सम्पूर्ण कार्यालयहरु, विद्यालयहरुमा डिजिटल हाजिरी जोडी सुशाषन प्रवर्द्धन गर्ने कार्य गरिएको,

- गाँउपालिकाको कार्यालयबाट हुने भुक्तानीलाई डिजिटाइज गरी EFT (Electronic Fund Transfer) मार्फत भुक्तानी शुरु गरिएको,
- सम्पूर्ण जनताको स्वास्थ्य तथा पोषणको अवस्था सुधारमा महत्वपूर्ण उपलब्धि हासिल भएको,
- शैलुङ गाँउपालिकाको सामुदायिक विद्यालयहरुको शैक्षिक तथा भौतिक गुणस्तरको लागि योजनाबद्ध ढङ्गबाट कार्य शुरु गरिएको,
- गाँउपालिकापय भौतिक,सामाजिक, मानवीय तथा आर्थिक विकासमा महत्वपूर्ण उपलब्धिहरु हासिल गरिएको,
- टुँडिखेल गोठपानी सडक आयोजना निर्माणाधिन रहेको ,
- कालापानी मिनी ग्रेटवालको निर्माण सम्पन्न भएको,
- बाघेओडार - पाखाटोल खानेपानी, गोल्मोखोला - दुधपोखरी - कल्लाबारी खानेपानी आयोजना निर्माणाधिन अवस्थामा रहेको,
- हुलाके-हिले-गोचेत सडक ठेक्का लागेर निर्माणाधिन अवस्थामा रहेको ,
- ढुङ्गे-मनगाँउ-झोर सडक ठेक्का लागेर निर्माणाधिन अवस्थामा रहेको,
- प्याथरखोला खानेपानी योजना ठेक्का लागेर निर्माणको क्रममा रहेको,
- चालु आर्थिक बर्षमा आठवटै वडामा गरेर ४,६१३ मि. सडक सोलिङ गरिएको, १२५ मिटर ढलान तथा ५,२३१ मिटर नयाँ ट्राक खन्ने कार्य भएको,
- चालु आ.व.मा १५० वटा आयोजना तथा कार्यक्रमहरु सम्झौता भएकोमा ७५ वटा आयोजनाहरु निर्माण सम्पन्न भैसकेको र ३९ वटा योजनाहरुको भुक्तानी गरिएको ।
- चालु आ.व मा सम्झौता भएका योजना तथा कार्यक्रम हरु मध्येमा ७५ वटा कार्यन्वयनको अवस्थामा रहेको र उक्त योजनाहरु जेठ मसान्त सम्म सम्पन्न गरी भुक्तानी दिईसक्ने लक्ष्य रहेको ।

चालु आर्थिक वर्षको लागि गत चौधौ गाँउ सभामा ६१ करोड ६३ लाख ४८ हजार कुल आय तथा व्यय अनुमान गरी बजेट तोकिएकोमा हालसम्म २७ करोड ४० लाख ७४ हजार ८ सय ५९ रुपैया ४२ पैसा अर्थात ४४.४६% आय प्राप्त भएको त्यस्तै १८ करोड १८ लाख ४६ हजार २ सय ९३ मात्र अर्थात २९.५ % खर्च भएको देखिन्छ । अनुमान गरिएको कुल आयमा ३४ करोड २२ लाख ७३ हजार १ सय ४० रुपैया ५८ पैसा आम्दानी प्राप्त हुन बाँकी देखिन्छ भने कुल खर्च अनुमानमा ४३ करोड ४५ लाख १ हजार ७ सय ६ रुपैया ९५ पैसा खर्च गर्न बाँकी देखिन्छ । त्यस्तै हालसम्मको आन्तरिक आय तर्फ वडा नं. १ बाट २ लाख ९ हजार ४ सय ३६

रुपैया ९२ पैसा, वडा नं. २ बाट १ लाख ९९ हजार २ सय ९८ रुपैया ५५ पैसा, वडा नं. ३ बाट ४ लाख ९२ हजार २ सय ४९ रुपैया ९८ पैसा, वडा नं. ४ बाट ४ लाख ३२ हजार ९ सय ८७ रुपैया ७९ पैसा, वडा नं. ५ तर्फ २ लाख ७१ हजार १ सय ७१ रुपैया ४० पैसा, वडा नं. ६ बाट ४ लाख १७ हजार ३ सय १७ रुपैया २८ पैसा, वडा नं. ७ बाट ४ लाख ३४ हजार १ सय ८२ रुपैया २७ पैसा वडा नं. ८ बाट ५ लाख ७८ हजार १५ रुपैया ८० पैसा तथा गाँउपालिकाको कार्यालयबाट ३ लाख ५७ हजार ६ सय ७९ रुपैया ४९ पैसा सहित जम्मा ३३ लाख ९२ हजार ३ सय ३९ रुपैया ४८ पैसा आन्तरिक आय प्राप्त भएको छ ।

अव म यो आ.व. २०८०/०८१ को लागि देहाय बमोजिमका कार्यक्रम तथा बजेट संशोधनको प्रस्ताव पेश गर्दछु ।

-

| संसोधित बजेट तथा कार्यक्रमहरुः | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलाप को नाम | उप क्षेत्र | सुरुको बजेट | घट गर्नु पर्ने | थप गर्नु पर्ने | अन्तिम बजेट | कैफियत |
| ८०३२३५०७१०१ शैलुङ गाउँपालिका | | | | | | | |
| १ | पारिश्रमिक कर्मचारी(स्थायी सबै कर्मचारी) | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२,५००,०००.०० | ३,०००,०००.०० | - | ९,५००,०००.०० | |
| २ | जनप्रतिनिधि सेवा सुविधा | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,०००,०००.०० | १,८००,०००.०० | - | ६,२००,०००.०० | |
| ३ | अन्य भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | ५००,०००.०० | - | १,०००,०००.०० | १,५००,०००.०० | |
| ४ | पानी तथा बिजुली | कार्यालय सञ्चालन तथा प्रशासनिक | ६००,०००.०० | २००,०००.०० | - | ४००,०००.०० | |
| ५ | संचार महसुल | कार्यालय सञ्चालन तथा | १६१,२००.०० | १५०,०००.०० | - | ११,२००.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्रशासनिक | | | | | |
| ६ | बिमा तथा नवीकरण खर्च (सवारीसाधन) | कार्यालय सञ्चालन तथा प्रशासनिक | ५००,०००.०० | २००,०००.०० | - | ३००,०००.०० | |
| ७ | कृषि तथा पशुपन्छी शाखाका कर्मचारीलाई छाता तथा झोला खरिद | कार्यालय सञ्चालन तथा प्रशासनिक | १००,०००.०० | १००,०००.०० | - | - | |
| ८ | छाता तथा झोला खरिद कर्मचारी | कार्यालय सञ्चालन तथा प्रशासनिक | - | - | १००,०००.०० | १००,०००.०० | |
| ९ | स्थानीय पाठ्यक्रम निर्माण | शिक्षा | १,०००,०००.०० | ३००,०००.०० | | ७००,०००.०० | |
| १० | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च(कार्यालय सम्बन्धी क्यालेन्डर , प्रगति पुस्तिका, कानून लगायत नक्सापास ) | कार्यालय सञ्चालन तथा प्रशासनिक | १,२००,०००.०० | २५०,०००.०० | - | ९५०,०००.०० | |
| ११ | बाल विकास शिक्षक थप (२ जना ) | शिक्षा | ३५०,०००.०० | ११८,०००.०० | - | २३२,०००.०० | |
| १२ | सुत्केरी विदा सट्टा शिक्षक व्यवस्थापन | शिक्षा | ३००,०००.०० | ५०,०००.०० | - | २५०,०००.०० | |
| १३ | मा.वि. शिक्षक व्यवस्थापन शारदा | शिक्षा | ५७८,०००.०० | ५७८,०००.०० | - | - | |
| १४ | शारदा मा.वि. प्राविधिक शिक्षा व्यवस्थापन अनुदान | शिक्षा | - | | ५७८,०००.०० | ५७८,०००.०० | |
| १५ | उपभोक्ता समिति अभिमुखीकरण कार्यक्रम | कार्यालय सञ्चालन तथा प्रशासनिक | ५००,०००.०० | २००,०००.०० | - | ३००,०००.०० | |
| १६ | मौरीपालन तालिम तथा आवश्यक सामग्री वितरण | कृषि | ५००,०००.०० | १००,०००.०० | - | ४००,०००.०० | |
| १७ | विद्यालय स्तरीय योग तथा जडिबुटी परिचयात्मक र प्रयोग सम्बन्धी कार्यक्रम | स्वास्थ्य | १००,०००.०० | १००,०००.०० | - | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८ | शिक्षक तालिम (प्रश्नपत्र निर्माण कार्यालय, पाठ्यक्रम प्रवोधिकरण, मन्टेश्वरी तालिम, सूचना प्रविधि सम्बन्धी तालिम, लेखा) | शिक्षा | १,२००,०००.०० | २५०,०००.०० | – | ९५०,०००.०० | |
| १९ | स्वास्थ्य तालिम संचालन खर्च | स्वास्थ्य | २००,०००.०० | १००,०००.०० | – | १००,०००.०० | |
| २० | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | शासन प्रणाली | ५००,०००.०० | ५००,०००.०० | – | – | |
| २१ | खेलकुद कार्यक्रम (राष्ट्रपति रनिङ शिल्ड, शैलुङ अध्यक्ष कप समेत) | युवा तथा खेलकुद | २,५००,०००.०० | | १,२००,०००.०० | ३,७००,०००.०० | |
| २२ | गर्भवती महिलाहरुको लागि क्याल्सियम खरिद | स्वास्थ्य | ३००,०००.०० | ३००,०००.०० | – | – | |
| २३ | दिवा खाजा थप (कक्षा १-६) | शिक्षा | १८०,०००.०० | | ७५०,०००.०० | ९३०,०००.०० | |
| २४ | पशुपन्छी विकास कार्यक्रम (सबै वडा) | पशुपन्छी विकास | ८,०००,०००.०० | ५००,०००.०० | | ७,५००,०००.०० | |
| २५ | पशुपन्छी विमा कार्यक्रम | पशुपन्छी विकास | ५००,०००.०० | | ३००,०००.०० | ८००,०००.०० | |
| २६ | माटो जाँच शिविर तथा बालि रोग परीक्षण कार्यक्रम | कृषि | ३००,०००.०० | ३००,०००.०० | – | – | |
| २७ | युवा /वालवालिका शशक्तिकरण कार्यक्रम(उत्कृष्ट शिक्षक विद्यार्थी पुरस्कृत कार्यक्रम समेत) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २००,०००.०० | ४४,०००.०० | – | १५६,०००.०० | |
| २८ | लघु उद्दम तथा उद्योग प्रवर्द्धन | उद्योग | ५००,०००.०० | ३००,०००.०० | – | २००,०००.०० | |
| २९ | विद्यालय वाल मनोपरामर्श कार्यक्रम | शिक्षा | ६०,०००.०० | ६०,०००.०० | – | – | |
| ३० | सुन्तला जन्य फलफुलको औसा व्यवस्थापन | कृषि | १,०००,०००.०० | १,०००,०००.०० | – | – | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३१ | सुन्तला जन्य फलफुलको औसा व्यवस्थापन तथा औषधि व्यवस्थापन | कृषि | - | - | ५००,०००.०० | ५००,०००.०० | |
| ३२ | स्वास्थ्य शिविर संचालन खर्च | स्वास्थ्य | ५००,०००.०० | २००,०००.०० | - | ३००,०००.०० | |
| ३३ | सहकारी / सामुदायिक वन प्रवर्द्धन कार्यक्रम /संघ/संस्था सहयोग तथा अन्तरक्रिया | बन | ३००,०००.०० | २००,०००.०० | - | १००,०००.०० | |
| ३४ | कृषि तथा पशुपन्छी उत्कृष्ट कृषक सम्मान कार्यक्रम | कृषि | २००,०००.०० | २००,०००.०० | - | - | |
| ३५ | जातिया छुवाछुत मुक्त अभियान संचालन | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७००,०००.०० | २००,०००.०० | - | ५००,०००.०० | |
| ३६ | न्याय तथा मेलमिलाप सम्बन्धी खर्च (तालिम तथा संचार खर्च समेत) | कार्यालय सञ्चालन तथा प्रशासनिक | ६००,०००.०० | ३००,०००.०० | - | ३००,०००.०० | |
| ३७ | विद्यार्थीको शारीरिक तथा बौद्धिक क्षमता विकासका लागि गाउँपालिका स्तरीय कार्यक्रम (खेलकुद, हाजिरीजवाफ, श्रुतिलेखन लगायत अन्य ) | शिक्षा | ५००,०००.०० | ३००,०००.०० | - | २००,०००.०० | |
| ३८ | विद्यालय आन्तरिक परीक्षा व्यवस्थापन | शिक्षा | ९००,०००.०० | | २००,०००.०० | १,१००,०००.०० | |
| ३९ | विविध कार्यक्रम खर्च(भेटघाट अतिथि सम्मान लगायत अन्य विविध कार्यक्रम ) | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८००,०००.०० | ५०,०००.०० | - | ७५०,०००.०० | |
| ४० | अनुगमन समिति खाजा तथा खाना खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३००,०००.०० | ३००,०००.०० | - | - | |
| ४१ | अनुगमन समिति खाजा, खाना खर्च तथा भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | - | - | ३००,०००.०० | ३००,०००.०० | |
| ४२ | विद्यालय सुपरिवेक्षण | शिक्षा | २००,०००.०० | | | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २००,०००.०० | – | | |
| ४३ | शैलुङ अस्पताल व्यवस्थापन | स्वास्थ्य | १,०००,०००.०० | ६००,०००.०० | – | ४००,०००.०० | |
| ४४ | शैलुङ क्याम्पस अनुदान | शिक्षा | ७५०,०००.०० | ४००,०००.०० | – | ३५०,०००.०० | |
| ४५ | शान्ति सुरक्षा प्रवर्द्धन | शान्ति तथा सुव्यवस्था | २००,०००.०० | १५०,०००.०० | – | ५०,०००.०० | |
| ४६ | शान्ति सुरक्षा प्रवर्द्धन | शान्ति तथा सुव्यवस्था | २००,०००.०० | | – | २००,०००.०० | |
| ४७ | आर्थिक सहायता (प्राविधिक विद्यार्थी, रोगि पिडित परिवार ) | कार्यालय सञ्चालन तथा प्रशासनिक | १,०००,०००.०० | ६००,०००.०० | – | ४००,०००.०० | |
| ४८ | गर्भवती तथा पूर्ण अपाङ्ग भएका व्यक्तिहरु समेतको लागि निशुल्क एम्बुलेन्स सेवा (ज्येष्ठ नागरिक ८० बर्ष माथि उमेर, कुपोषित बच्चा र होमोफिलिया विरामी, अति विपन्न परिवार ) संचालन खर्च | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १,५००,०००.०० | १,०००,०००.०० | – | ५००,०००.०० | |
| ४९ | घरैमा गई जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य परिक्षण कार्यक्रम (औषधि, स्वास्थ्य कर्मी यातायात तथा खाजा खर्च ) | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ५००,०००.०० | ३००,०००.०० | – | २००,०००.०० | |
| ५० | विपद तथा आकष्मिक कोष व्यवस्थापन (कोरोना, कृषि, पशु तथा मानवीय सहायता समेत) | विपद व्यवस्थापन | १,०००,०००.०० | | – | १,०००,०००.०० | |
| ५१ | विपद तथा आकष्मिक कोष व्यवस्थापन (कोरोना, कृषि, पशु तथा मानवीय सहायता समेत) | विपद व्यवस्थापन | ५,०००,०००.०० | १,५००,०००.०० | – | ३,५००,०००.०० | |
| ५२ | औषधि तथा स्वास्थ्य सामग्री खरिद | स्वास्थ्य | २,०००,०००.०० | ५००,०००.०० | – | १,५००,०००.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५३ | अन्य भाडा | कार्यालय सञ्चालन तथा प्रशासनिक | ५००,०००.०० | | ७००,०००.०० | १,२००,०००.०० | |
| ५४ | दुर्गा माध्यमिक विद्यालय प्राविधिक शिक्षा व्यवस्थापन अनुदान | कार्यालय सञ्चालन तथा प्रशासनिक | - | | ५००,०००.०० | ५००,०००.०० | |
| ५५ | कल्लाबारी मा.वि. क्यान्टिन निर्माण | भवन, आवास तथा सहरी विकास | - | | ५००,०००.०० | ५००,०००.०० | |
| ५६ | माध्यमिक तह अतिरिक्त कक्षा व्यवस्थापन अनुदान | कार्यालय सञ्चालन तथा प्रशासनिक | - | | २१०,०००.०० | २१०,०००.०० | |
| ५७ | कल्लाबारी मा.वि. शैक्षिक व्यवस्थापन अनुदान | कार्यालय सञ्चालन तथा प्रशासनिक | - | | १५०,०००.०० | १५०,०००.०० | |
| ५८ | योग कार्यक्रम संचालन तथा व्यवस्थापन | कार्यालय सञ्चालन तथा प्रशासनिक | - | | २००,०००.०० | २००,०००.०० | |
| ५९ | दुधपोखरी सामुदायिक भवन निर्माण डाँडाटोल, शैलुङ-१ | भवन, आवास तथा सहरी विकास | १,०००,०००.०० | १,०००,०००.०० | - | - | |
| ६० | भ्वाङ पर्ने डाँडा सत्तल निर्माण , शैलुङ-३ | भाषा तथा संस्कृति | १५०,०००.०० | १५०,०००.०० | - | - | |
| ६१ | सवारी साधन खरिद (गाडी) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २,६००,०००.०० | | १,८००,०००.०० | ४,४००,०००.०० | |
| ६२ | मेशिनरी तथा औजार खरिद | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८००,०००.०० | | ३००,०००.०० | १,१००,०००.०० | |
| ६३ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | कार्यालय सञ्चालन तथा | ३००,०००.०० | ३००,०००.०० | - | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्रशासनिक | | | | | |
| ६४ | DPR तथा परामर्श | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४,०००,०००.०० | १,०००,०००.०० | - | ३,०००,०००.०० | |
| ६५ | परामर्श खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | ५००,०००.०० | ५००,०००.०० | - | - | |
| ६६ | टुडीखेल गोठपानी सडक , शैलुङ-७ | यातयात पूर्वाधार | ५,०००,०००.०० | १,१००,०००.०० | - | ३,९००,०००.०० | |
| ६७ | तगिम कृषि सडक मर्मत तथा सरसफाई , शैलुङ-७ | यातयात पूर्वाधार | - | - | १५०,०००.०० | १५०,०००.०० | |
| ६८ | हुलाके डाँडा बनको भवनमा भौतिक व्यवस्थापन , शैलुङ-७ | अन्य सार्वजनिक निर्माण | - | - | १५०,०००.०० | १५०,०००.०० | |
| ६९ | गोठपानी टुडिखेल सडक स्तरोन्नति , शैलुङ-७ | कार्यालय सञ्चालन तथा प्रशासनिक | - | - | ७००,०००.०० | ७००,०००.०० | |
| ७० | सांगुते मा.वि. भौतिक निर्माण तथा फर्निचर व्यवस्थापन , शैलुङ-७ | अन्य सार्वजनिक निर्माण | - | - | ४००,०००.०० | ४००,०००.०० | |
| ७१ | सांगुते मा.वि. अनुदान | कार्यालय सञ्चालन तथा प्रशासनिक | - | - | १००,०००.०० | १००,०००.०० | |
| ७२ | बाघखोर दुर्गा मा.वि. सडक तथा बाघखोर बजार कालिभगावती मन्दिर सडक स्तरोन्नति , शैलुङ-३ | यातयात पूर्वाधार | - | - | ७५०,०००.०० | ७५०,०००.०० | |
| ७३ | चिसापानी  रमिते डाँडा नयाँ ट्र्याक निर्माण , शैलुङ-३ | यातयात पूर्वाधार | - | - | १००,०००.०० | १००,०००.०० | |
| ७४ | ठुलोघर शैलुङ अस्पताल सडक, शैलुङ-३ | यातयात पूर्वाधार | २,५००,०००.०० | - | - | २,५००,०००.०० | |
| ७५ | ठुलोघर शैलुङ अस्पताल सडक, शैलुङ-३ | यातयात पूर्वाधार | ७,५००,०००.०० | ३,१००,०००.० | - | ४,४००,०००.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ० | | | |
| ७६ | ४ नं. वडा कार्यालय र नमुना प्रा.वि. नयाँ ट्र्याक निर्माण , शैलुङ-४ | यातयात पूर्वाधार | - | - | २५०,०००.०० | २५०,०००.०० | |
| ७७ | समपुरक कोष, विशेष अनुदान (संघ,प्रदेश) समेत गरी | यातयात पूर्वाधार | १८,७००,०००.०० | - | ८,१८२,०००.०० | २६,८८२,०००.०० | |
| ७८ | मागाखोला सिंचाई कुलो स्तरोन्नति तथा मर्मत , शैलुङ-५ | जलश्रोत तथा सिंचाई | २,०००,०००.०० | २,०००,०००.०० | - | - | |
| ७९ | ओखरबोटकाटाकुटी सिँचाई DPR, शैलुङ-५ | परामर्श | - | - | ५००,०००.०० | ५००,०००.०० | |
| ८० | कृषि उपज संकलन केन्द्र , शैलुङ-५ | | - | - | १,०००,०००.०० | १,०००,०००.०० | |
| ८१ | गाउँघर क्लिनिक भवन व्यवस्थापन , शैलुङ-५ | भवन, आवास तथा सहरी विकास | - | - | २००,०००.०० | २००,०००.०० | |
| ८२ | विरेन्द्र मा.वि. बाल उद्दान व्यवस्थापन, शैलुङ-५ | | - | - | २००,०००.०० | २००,०००.०० | |
| ८३ | कुटीखोला देवीथान सडक स्तरोन्नति , शैलुङ-५ | यातयात पूर्वाधार | - | - | १००,०००.०० | १००,०००.०० | |
| ८४ | बनभित्र चुल्ठेटार खानेपानी आयोजना, शैलुङ-६ | खानेपानी तथा सरसफाई | ५००,०००.०० | - | २५०,०००.०० | ७५०,०००.०० | |
| ८५ | कालापानि शैलुङ मिनी ग्रेटवाल निर्माण क्रमागत | पर्यटन | १०,०००,०००.०० | - | १,२८०,०००.०० | ११,२८०,०००.०० | |
| ८६ | कालिभुमे मा.वि. भौतिक पूर्वाधार निर्माण , शैलुङ-३ | भवन, आवास तथा सहरी विकास | ५००,०००.०० | - | ३५०,०००.०० | ८५०,०००.०० | |
| ८७ | धर्म छयोईलिङ गुम्बा, शैलुङ-२ | पर्यटन | ८००,०००.०० | ८००,०००.०० | - | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८८ | लामा ढावा बस्ने घर निर्माण | भवन, आवास तथा सहरी विकास | - | - | ८००,०००.०० | ८००,०००.०० | |
| ८९ | पुरानो गाउँ च्यान घर , शैलुङ-२ | भाषा तथा संस्कृति | ५००,०००.०० | ५००,०००.०० | | - | |
| ९० | गुम्बा घडेरी व्यवस्थापन , शैलुङ-१ | भवन, आवास तथा सहरी विकास | - | - | ५००,०००.०० | ५००,०००.०० | |
| ९१ | दर्मछे सरसत्पा सडक स्तरोन्नति , शैलुङ-१ | यातयात पूर्वाधार | - | - | १,३००,०००.०० | १,३००,०००.०० | |
| ९२ | ताम्चेत खोला झाक्रीटोल सडक स्तरोन्नति , शैलुङ-१ | यातयात पूर्वाधार | - | - | ४००,०००.०० | ४००,०००.०० | |
| ९३ | सोनामघर डाँडा कल्लाबारी सडक स्तरोन्नति , शैलुङ-१ | यातयात पूर्वाधार | - | - | ४००,०००.०० | ४००,०००.०० | |
| ९४ | कल्लाबारी मा.वि. कुलो निर्माण | अन्य सार्वजनिक निर्माण | - | - | २००,०००.०० | २००,०००.०० | |
| ९५ | बुद्ध ध्यान केन्द्र भवन निर्माण, शैलुङ-१ | पर्यटन | १,०००,०००.०० | १,०००,०००.०० | - | - | |
| ९६ | दुधपोखरी सामुदायिक भवन घडेरी निर्माण, शैलुङ-१ | भवन, आवास तथा सहरी विकास | - | - | १,०००,०००.०० | १,०००,०००.०० | |
| ९७ | शैलुङ च्यासेसिं छयोइलिङ गुम्बा निर्माण , शैलुङ-१ | पर्यटन | ५००,०००.०० | ५००,०००.०० | | - | |
| ९८ | तल्लो पोखरे खानेपानी आयोजना , शैलुङ-८ | | - | - | १,५००,०००.०० | १,५००,०००.०० | |
| **८०३२३५०७२०१ शैलुङ गाउँपालिकावडा नं.१** | | | | | | - | |
| ९९ | पसल डाँडा बन्छीङ टोल सडक | यातयात पूर्वाधार | २००,०००.०० | २००,०००.०० | - | - | |
| १०० | सरस्वति आ.वि. मर्मत तथा व्यवस्थापन | | - | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | - | ४००,०००.०० | ४००,०००.०० | |
| १०१ | खानेपानी ट्यांकी निर्माण साविक -७ | खानेपानी तथा सरसफाई | ३००,०००.०० | ३००,०००.०० | - | - | |
| १०२ | पातले खानेपानी मेहेले | खानेपानी तथा सरसफाई | ४००,०००.०० | ४००,०००.०० | - | - | |
| १०३ | सिमबारी खानेपानी ट्यांकी कल्लाबारी | खानेपानी तथा सरसफाई | ४००,०००.०० | ४००,०००.०० | - | - | |
| १०४ | सरस्वति आ.वि. ग्याविन | भवन, आवास तथा सहरी विकास | ४००,०००.०० | ४००,०००.०० | - | - | |
| ८०३२३५०७२०२ शैलुङ गाउँपालिकावडा नं.२ | | | | | | - | |
| १०५ | पुराना गाउँ सामुदायिक भवन निर्माण | भवन, आवास तथा सहरी विकास | ३००,०००.०० | | ५००,०००.०० | ८००,०००.०० | |
| १०६ | सामुदायिक भवन निर्माण पसलटोल | भवन, आवास तथा सहरी विकास | ५००,०००.०० | ५००,०००.०० | - | - | |
| १०७ | काभ्रेब्यासी पसलटोल सिंचाई मर्मत संभार | जलश्रोत तथा सिंचाई | १००,०००.०० | १००,०००.०० | - | - | |
| १०८ | काभ्रे बेसी पसलटोल सिँचाई मर्मत, शैलुङ-२ | जलश्रोत तथा सिंचाई | - | - | ६००,०००.०० | ६००,०००.०० | |
| ८०३२३५०७२०३ शैलुङ गाउँपालिकावडा नं.३ | | | | | | - | |
| १०९ | बोत्ले सामुदायिक भवन | भवन, आवास तथा सहरी विकास | ५००,०००.०० | ५००,०००.०० | - | - | |
| ११० | ढुंगे छयोर्तेन बुट्टा भर्ने काम | भाषा तथा संस्कृति | २००,०००.०० | २००,०००.०० | - | - | |
| ८०३२३५०७२०४ शैलुङ गाउँपालिकावडा नं.४ | | | | | | - | |
| १११ | जोगी डाँडा सामुदायिक भवन निर्माण | भवन, आवास तथा सहरी | ३००,०००.०० | ३००,०००.०० | - | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विकास | | | | | |
| ११२ | माथिल्लो गाउँ सामुदायिक भवन निर्माण | भवन, आवास तथा सहरी विकास | - | | ३००,०००.०० | ३००,०००.०० | |
| ८०३२३५०७२०७ शैलुङ गाउँपालिकावडा नं.७ | | | | | | - | |
| ११३ | हुलाके देउराली वडा कार्यालय सडक | यातयात पूर्वाधार | ३००,०००.०० | ३००,०००.०० | - | - | |
| ८०३२३५०७५१२ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | | | | - | - | - | |
| ११४ | गोल्मोंखोला दुधपोखरी कल्लाबारी खानेपानी आयोजना (क्रमागत) | खानेपानी तथा सरसफाई | 0 | | १०,०००,०००.०० | १०,०००,०००.०० | |
| ८०३२३५०७५२३ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) | | | | | - | - | |
| ११५ | ढुंगे मनागाउँ झोर सडक, शैलुङ-६,८ | यातयात पूर्वाधार | १०,०००,०००.०० | ४,४००,०००.०० | - | ५,६००,०००.०० | |
| ११६ | हुलाके हिले गोचेत गाउँपालिका सडक, शैलुङ ६ | यातयात पूर्वाधार | १०,०००,०००.०० | ४,४००,०००.०० | - | ५,६००,०००.०० | |
| जम्मा | | | | ४१,८५०,०००.०० | ४१,८५०,०००.०० | - | |

अन्त्यमा, शैलुङ गाउँपालिकाका सबै आमा-बुबा दिदी बहिनी तथा दाजुभाइलाई समृद्ध शैलुङ निर्माणको लागि मेहनती तथा लगनशिल भई रचनात्मक ढङ्गबाट कर्ममा जुट्दै “सर्वत्र वैभव, सभ्यता र स्वाभिमान; जनजनको पौरख शैलुङको निर्माण” को लागि योगदान गर्न आह्वान गर्दछु ।

२. माथि छलफल गर्दा गाउँपालिकाका गाउँ कार्यपालिका सदस्य तथा न्यायिक समितिका सदस्य श्री बन्दना  पाख्रिनज्यूले प्रस्तुत गर्नु भएको न्यायिक समितिको प्रतिवेदन माथि छलफलका लागि पेश गर्ने

३. माथि छलफल गर्दा लेखा समितिका संयोजक तथा गाउँकार्यपालिका सदस्य श्री विशाल खातीज्यूले प्रस्तुत गर्नु भएको लेखा समितिको प्रतिवेदन छलफलका लागि पेश गर्ने

४. माथि छलफल गर्दा गाउँपालिकाका तपसिल बमोजिमका विषयगत समितिका संयोजक/सदस्यज्यूहरु द्वारा प्रस्तुत गरिएका प्रतिवेदनहरुलाई छलफलका लागि पेश गर्ने

तपसिल

| सि.नं. | समितिको नाम | संयोजक |
|---|---|---|
| १ | आर्थिक विकास समिति | श्री दिपक बस्नेत |
| २ | सामाजिक विकास समिति | श्री धन बहादुर तामाङ |
| ३ | पूर्वाधार विकास समिति | श्री दिल कुमार तामाङ |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन समिति | श्री सन्तोषी गुरुङ |
| ५ | विधेयक समिति | श्री तिर्थ बहादुर श्रेष्ठ |
| ६ | सुशासन तथा क्षमता विकास समिति | श्री झम्क बहादुर कार्की |

५. माथि छलफल गर्दा गाउँ कार्यपालिकाबाट गाउँसभा,चौधौं अधिवेशन पश्चात निर्णय भएका गाउँ कार्यपालिकाका निर्णयहरुलाई अनुमोदन गरी स्वीकृत गर्ने

६. माथि छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालयबाट भए गरेका सम्पूर्ण प्रशासनिक कार्यहरुलाई अनुमोदन गरी स्वीकृत गर्ने

७. माथि छलफल गर्दा शैलुङ गाउँपालिका, गाउँ कार्यपालिका, वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा कार्यरत करार कर्मचारीहरुको २०८१ असार मसान्त सम्मको लागि थप गरिएको करार अवधि निर्णयलाई अनुमोदन गर्ने

८. माथि छलफल गर्दा लिभिङ वाटर नेपालको च.नं. ४४ मिति २०८०/१०/०५ गतेको पत्रानुसार यस गाउँपालिका अन्तर्गत लिभिङ वाटर नेपालको आर्थिक सहयोग तथा गाउँपालिकाको साझेदारीमा कार्यान्वयन हुने तपसिल बमोजिमका योजना तथा कार्यक्रमको लागि देहाय बमोजिमको बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | बजेट रू | कैफियत |
|---|---|---|---|
| १ | बिर्ता खानेपानी आयोजना , शैलुङ-४ | १५,९६,९९५.८४(पन्ध्र लाख छयानब्बे हजार नौ सय पन्चानब्बे रुपैयाँ चौरासी पैसा ) | |
| २ | आहाले खानेपानी आयोजना, शैलुङ-४ | १७,११,७५६/-(सत्र लाख एघार हजार सात सय छपन्न रुपैयाँ मात्र) | |

| | | | |
|---|---|---|---|
| ३ | भैंसे खानेपानी आयोजना, शैलुङ-८ | १४,१३,१०३/-(चौध लाख तेह्र हजार एक सय तिन मात्र ) | |

९. माथि छलफल गर्दा सङ्घीय सरकार तथा प्रदेश सरकारबाट यस गाउँपालिका क्षेत्रमा ठेक्का प्रक्रिया मार्फत कार्यान्वयन हुने गरेका योजना तथा कार्यक्रम कार्यान्वयनमा **BOQ** मा उल्लेखित स्थानीय स्तरमा उत्खनन तथा संकलन हुने स्थानीय स्रोत साधनहरु (ढुङ्गा , गिट्टी**,** बालुवा) लगायतका निर्माण सामग्रीहरुको बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०८० बमोजम कर लिने

१०. माथि छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय(संगठन विकास शाखा)को च.नं. ०५ मिति २०७९/०४/०१ को पत्रानुसार यस गाउँपालिका अन्तर्गत संचालित शैलुङ अस्पतालको लागि प्राप्त प्रस्तावित दरबन्दी तेरिज स्वीकृत गर्ने